जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : १५ | २०८३ साल बैशाख १७ गते, बिहीबार | Thursday, Arp.– 30 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## बिरगञ्ज यातायातमा ट्रायल नतिजा किन गोप्य ? लाईसेन्समा अनियमितता र सेटिङको खेल

***संवाहक सम्वादाता**-१६ बैशाख, कलैया*

चालक अनुमति पत्र (लाइसेन्स) सम्बन्धी लिखित परीक्षा उत्तीर्ण गरेपछि लिइने प्रयोगात्मक (ट्रायल) परीक्षाको नतिजा सार्वजनिक नगरी लामो समयसम्म 'गोप्य' राखिएको भन्दै वीरगञ्जस्थित यातायात व्यवस्था कार्यालयमाथि गम्भीर अनियमितताको आरोप लागेको छ। सेवाग्राहीहरूले ट्रायल सकिएपछि पनि हप्तौँ-महिनौँसम्म नतिजा नआउनु र प्रक्रिया अस्पष्ट राखिनु भ्रष्टाचार र 'सेटिङ'को संकेत भएको बताएका छन्।




प्रचलित व्यवस्था अनुसार ट्रायल परीक्षा सम्पन्न भएपछि सोही दिन वा अधिकतम २४ घण्टाभित्र नतिजा सार्वजनिक गरिनुपर्छ। डिजिटल प्रणाली (मिक्षक) प्रयोग भएका कार्यालयहरूमा त नतिजा तुरुन्तै सार्वजनिक हुने प्रावधान छ। तर वीरगञ्जमा भने लिखित परीक्षाको नतिजा वेबसाइट र सूचना बोर्डमा सार्वजनिक गरिए पनि ट्रायलको नतिजा भने जानाजानी रोकिएको आरोप सेवाग्राहीहरूको छ।

सेवाग्राहीका अनुसार कार्यालय प्रमुख कुशेश्वर साहको निर्देशनमा 'सेटिङ'मार्फत अतिरिक्त रकम असुली गरी अयोग्य व्यक्तिलाई समेत लाइसेन्स वितरण भइरहेको छ। "पहिलेको भन्दा अहिले दोब्बर रकम मागिन्छ, नत्र नतिजा रोकिन्छ," एक सेवाग्राहीले गुनासो गरे। उनका अनुसार दैनिक सयौँ परीक्षार्थी ट्रायल दिन आए पनि वास्तविक नतिजा सार्वजनिक नगरी सीमित व्यक्तिलाई मात्रै पास गराइने गरिएको छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५४ अनुसार परीक्षा प्रक्रिया पारदर्शी, अभिलेखयुक्त र मापदण्डअनुसार हुनुपर्ने स्पष्ट व्यवस्था छ। नतिजा सार्वजनिक नगर्नु, सूचनामा ढिलाइ गर्नु वा सेवाग्राहीलाई भ्रममा राख्नु दण्डनीय मानिन्छ। तर व्यवहारमा यी कानुनी प्रावधान कार्यान्वयन नभएको देखिएको छ।

स्थानीयका अनुसार ट्रायल नतिजा लुकाउने प्रवृत्तिले 'बिचौलिया तन्त्र'लाई प्रश्रय दिएको छ। अयोग्य चालकले लाइसेन्स पाउँदा सडक दुर्घटना बढ्ने, मानवीय क्षति हुने र समग्र यातायात सुरक्षा जोखिममा पर्ने चिन्ता व्यक्त गरिएको छ। "लाइसेन्स बिक्रीजस्तै भइरहेको छ, यो त ज्यानसँग खेलवाड हो," अर्का सेवाग्राहीले भने।

एक दिनमा ७/८ सयसम्म सेवाग्राहीले लिखित परीक्षा पास गर्ने भए पनि ट्रायल प्रक्रिया पारदर्शी नभएकै कारण ठूलो संख्यामा परीक्षार्थी अन्योलमा पर्ने गरेका छन्।

बाँकी तेस्रो पृष्ठमा

## बारामा आवास कार्यक्रम अलपत्र, सरुवा विवाद र अख्तियारको निर्देशनबीच प्रशासनिक अन्योल : वर्षातमा विपन्नको कन्तबिजोग

***संवाहक सम्वादाता**-१६ बैशाख, कलैया*

बाराका विभिन्न पालिकामा सञ्चालन भइरहेका जनता आवास, मदन भण्डारी आवास र महेन्द्र निधि आवास कार्यक्रम लामो समयदेखि अलपत्र परेपछि विपन्न तथा दलित परिवारहरू गम्भीर समस्यामा परेका छन्। निर्माण अधुरो रहँदा वर्षा र हावाहुरीको समयमा उनीहरू खुला आकाशमुनि वा अस्थायी पालको भरमा बस्न बाध्य भएका छन्।




स्थानीयवासीले कार्यक्रम प्रभावशाली र पहुँचवालाको प्रभावमा वितरण भएको, साथै गुणस्तरहीन सामग्री प्रयोग र कमिसनको चलखेल भएको आरोप लगाएका छन्। निर्माण कार्य समयमै सम्पन्न नहुँदा सयौं सेवाग्राही प्रत्यक्ष प्रभावित बनेका छन्।

महोत्तरीगढीमाई नगरपालिका-९ पिपरवर्ताका प्रसाद दासका अनुसार २१ वटा घर निर्माण सुरु भए पनि अधिकांश अझै अधुरा छन्। "घर बन्ला भन्ने आश थियो, तर अहिले न घर छ, न त्रिपाल टिक्छ," उनले दुखेसो पोखे। उनका अनुसार लगातारको हावाहुरी र असिनासहितको वर्षाले त्रिपालसमेत उडाइदिँदा धेरै परिवार छिमेकीको

बाँकी तेस्रो पृष्ठमा

## वन अतिक्रमणमा कडाइ: निजगढ नगरपालिकालाई १५ दिनभित्र फोहोर हटाउन निर्देशन

***संवाहक सम्वादाता**-१६ बैशाख, कलैया*

मधेश प्रदेश अन्तर्गत डिभिजन वन कार्यालय, बाराले निजगढ नगरपालिकालाई राष्ट्रिय वन क्षेत्रमा फोहोर फाल्ने र अतिक्रमण गर्ने कार्य तत्काल रोक्न कडा निर्देशन दिएको छ। कार्यालयले दोस्रो पटक पत्राचार गर्दै १५ दिनभित्र फोहोर हटाई अतिक्रमित क्षेत्र खाली गर्न आग्रह गरेको हो।



डिभिजन वन कार्यालयका अनुसार नगरपालिकाले संकलन गरेको प्लास्टिक, सिसा, कागज, फलाम, हाडखोर तथा मेडिकलजन्य फोहोरसमेत कोल्हवी क्षेत्र हुँदै राष्ट्रिय वनभित्र डम्पिङ गर्ने गरिएको पाइएको छ। यस क्रममा वन क्षेत्रको जमिन अतिक्रमण हुनुका साथै फोहोरमा आगो लगाउँदा बोटबिरुवा, नवप्रोह र जैविक विविधतामा गम्भीर क्षति पुगेको उल्लेख गरिएको छ। कार्यालयले न्एक बिन्दुका आधारमा तामागढी क्षेत्रभित्र फोहोर फालिएको पुष्टि भएको जनाएको छ। यस्तो गतिविधिले चुरे क्षेत्र, नदी आसपासका भूभाग र स्थानीय

बाँकी तेस्रो पृष्ठमा

## बोर्डिङ शुल्कको चक्रव्यूह र शिक्षा व्यापारिकरण: अभिभावकको बढ्दो आर्थिक दबाबबीच सरकारको लगाम !

***"सरकारले सख्तिका साथ शिक्षा सुधारको लागि निर्देशित प्रयास गरेको छ। शुल्कको चक्रव्युह र शिक्षा व्यापारिकरणले अभिभावकमा आर्थिक बोझ बढाएको छ। नीति भए पनि कार्यान्वयन कमजोर छ, कडाइ र पारदर्शिता जरुरी छ।"***



लेखक: पन्नालाल दास

शुल्क संरचनामा देखिएको चक्रव्युह र अनियमितता झन् गम्भीर बन्दै गएको छ। एउटै विद्यालयमा अध्ययनरत विद्यार्थीबाट हरेक वर्ष पुनः भर्ना शुल्क असुल्नु, 'कक्षा स्तरोन्नति' का नाममा अतिरिक्त रकम लिनु, र 'एनुअल चार्ज' भन्दै हजारौं रुपैयाँ थप्नु सामान्य अभ्यासजस्तै बनेको छ। यसले शिक्षा सेवा नभई व्यापारजस्तो रूप लिएको अनुभूति अभिभावकमा बढाइरहेको छ।

सरकारले शुल्क नियन्त्रण र पारदर्शिताका लागि निर्देशनहरू जारी गरे पनि तिनको प्रभाव व्यवहारमा कमजोर देखिएको छ। निजी विद्यालयहरूले विभिन्न शीर्षक सिर्जना गरी शुल्क उठाउने प्रवृत्ति जारी राख्दा सरकारी नियमन कागजमै सीमित भएको आलोचना बढ्दै गएको छ। एउटै विद्यार्थीलाई बारम्बार आर्थिक दायित्वमा पारिने अभ्यासले अभिभावकको बजेट असन्तुलित बनाएको छ।

कुल विद्यार्थीको १० प्रतिशत जेहेन्दार, गरिब तथा दलित बालबालिकालाई निःशुल्क छात्रवृत्ति दिनुपर्ने कानुनी व्यवस्था बारा, पर्सा, रौतहट सहित मधेस प्रदेश यहाँसम्म कि देशभर कागजमै सीमित देखिँदा निजी (बोर्डिङ) विद्यालयहरूको शुल्क, छात्रवृत्ति र व्यवस्थापनसम्बन्धी सरकारी निर्देशन व्यवहारमा प्रभावकारी रूपमा लागू हुन सकेको छैन। यसले राज्यको नीति र विद्यालयको व्यवहारबीच स्पष्ट दूरी देखाउँदै अभिभावकलाई निरन्तर आर्थिक दबाबमा पारेको छ।

यस्तै, पाठ्यपुस्तक र शैक्षिक सामग्रीमा एकरूपताको अभावले समस्या थप जटिल बनाएको छ। विद्यालयअनुसार फरक-फरक प्रकाशन अनिवार्य गरिनु, महँगा किताबको थुप्रो र बारम्बार परिवर्तन हुने पाठ्यक्रमले विद्यार्थी र अभिभावक दुवैलाई आर्थिक तथा मानसिक दबाबमा पारेको छ। विद्यालयकै निर्देशनअनुसार ड्रेसदेखि कापी ,कलमसम्म खरिद गर्नुपर्ने बाध्यताले खर्च झन् बढाएको छ।

सरकारले चालू शैक्षिक सत्र वैशाख १५ देखि सुरु भएको घोषणा गर्दै वैशाख महिनाको शुल्क नलिनु र लिइसकेको भए फिर्ता गर्नुपर्ने निर्णय गरिसकेको छ। साथै, उल्लंघन गर्ने विद्यालयको दर्ता खारेजसम्मको चेतावनी दिइएको छ। तर यस निर्णयको प्रभावकारिता कडाइका साथ कार्यान्वयन भए मात्र देखिनेछ।

शिक्षण पद्धतिमा पनि अपेक्षित सुधार देखिँदैन। प्रविधिमैत्री र व्यवहारिक सिर्जनात्मक सिकाइको सट्टा घोकन्ते प्रणाली हाबी हुँदा

बाँकी तेस्रो पृष्ठमा

## सिमरा सेजको जग्गा खाली गराउन प्रक्रिया अघि, ६०० घरपरिवार प्रभावित हुने

***संवाहक सम्वादाता**-१६ बैशाख, कलैया*

सिमरास्थित विशेष आर्थिक क्षेत्र ( सेज) प्राधिकरणले आफ्नो जग्गामा बसोबास गर्दै आएका करिब ६०० घरपरिवारलाई हटाउने प्रक्रिया अघि बढाएको छ। अतिक्रमण हटाएर औद्योगिक क्षेत्र विस्तार गर्ने उद्देश्यसहित प्राधिकरणले स्थानीय तहसँग समन्वय थालेको जनाएको छ।



सेजका निमित्त प्रमुख अजय चौधरीका अनुसार जग्गा अतिक्रमण हटाउने प्रक्रिया औपचारिक रूपमा सुरु भइसकेको छ। यसैक्रममा प्राधिकरणले गत ९ वैशाखमा जितपुरसिमरा उपमहानगरपालिकालाई पत्राचार गर्दै अतिक्रमण हटाउन आवश्यक समन्वय गरिदिन अनुरोध गरेको थियो।

पत्रमा सेज क्षेत्रभित्र अतिक्रमण गरी निर्माण गरिएका घर-टहरा हटाउन, लगाइएका बालीनाली उठाउन तथा नयाँ खेती नगर्न स्थानीयलाई जानकारी गराउन आग्रह गरिएको छ। साथै, भविष्यमा थप अतिक्रमण हुन नदिन आवश्यक पहल गर्न पनि भनिएको छ।

जितपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले सेजबाट प्राप्त पत्र सम्बन्धित वडा कार्यालयहरूमा पठाएर स्थानीयलाई सूचना दिने काम सुरु गरिएको बताए। उनका अनुसार सेज प्रभावित तीन वटा वडामार्फत अतिक्रमित क्षेत्र खाली गर्नेबारे जनचेतना र समन्वयको प्रक्रिया अघि बढाइएको छ।

तर स्थानीय अवरोधका कारण सेज

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"

- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## सीमा सुरक्षा कमजोर कि "सेटिङ" बलियो? गाँजा तस्करीले उठायो गम्भीर प्रश्न

नेपाल-भारत सीमामा लागूऔषध तस्करी पुनः उजागर भएको छ। करिब ३० किलो गाँजा बरामद भएको पछिल्लो घटनाले छतवा-मुसहर्वा, मटिअर्वा हुँदै कलैयासम्म फैलिएको तस्करी सञ्जाललाई सतहमा ल्याएको छ। नेपालतर्फबाट सहजै सीमासम्म पुग्ने अवैध सामग्री भारततर्फ नियन्त्रणमा मात्र आउनु सुरक्षा संयन्त्रको कमजोरीका रूपमा हेरिएको छ। झरोखर नजिक नो-म्यान्स ल्याण्ड क्षेत्रमा भारतीय एसएसबी र प्रहरीले बीआर ०५ पी ७३१८ नम्बरको टाटा सफारी जाँच गर्दा प्लास्टिकमा प्याक गरिएको ठूलो परिमाणको गाँजा बरामद भएको थियो। चालक फरार रहेको उक्त घटनामा प्रारम्भिक अनुसन्धानले मकवानपुर-बारा मार्ग हुँदै तस्करी भएको संकेत दिएको छ। तर यति ठूलो परिमाणको गाँजा सीमासम्म पुग्दा पनि नेपालतर्फ नियन्त्रण नहुनुले निगरानी प्रणालीमाथि प्रश्न उठाएको छ। स्थानीयस्तरमा सीमा क्षेत्र तस्करीको नियमित र संगठित नेटवर्क बनेको आरोप छ। छतवा-मुसहर्वा नाकामा रातको समयमा मोटरसाइकलमार्फत खुलेआम तस्करी हुने, मटिअर्वा क्षेत्रमा 'लाइन सेटिङ' मार्फत अवैध कारोबार सहज बनाइने र कलैयासम्म कपडा, कवाड तथा अन्य सामान निर्वाध रूपमा भित्रिने अवस्था देखिएको स्थानीयको दाबी छ। यसले सीमा नियन्त्रण औपचारिकतामा सीमित रहेको संकेत गर्छ। यहीबीच मटिअर्वा नाकासँग जोडिएको तस्करी प्रकरणमा एक सशस्त्र प्रहरी अधिकृतमाथि आरोप लागेर जिम्मेवारीबाट हटाइएको घटनाले सुरक्षा संरचनाभित्रै कमजोरी रहेको देखाएको छ। विश्लेषकहरूका अनुसार सीमा सुरक्षा प्रभावकारी बनाउन एकतर्फी प्रयास पर्याप्त हुँदैन। समन्वय, सूचना आदानप्रदान र संयुक्त निगरानी प्रणाली कमजोर हुँदा अवैध गतिविधि सहज बन्ने गर्छ। तर व्यवहारमा यही संयन्त्र कमजोर हुँदा तस्कर समूहहरू सक्रिय भएको देखिन्छ। मुख्य समस्या 'सेटिङ' संस्कृतिको गहिरो प्रभाव हो, जसले कानुनी नियन्त्रणलाई निष्क्रिय बनाएको छ। सर्वसाधारणमाथि कडाइ तर संगठित समूहप्रति उदारता देखिनु सुरक्षा संयन्त्रप्रतिको विश्वास घटाउने प्रमुख कारण बनेको छ। अब सीमा सुरक्षा केवल घोषणा होइन, कडाइका साथ कार्यान्वयन, नियमित अनुगमन र आन्तरिक शुद्धीकरण आवश्यक बनेको छ। अन्यथा तस्करीले राज्यको राजस्व मात्र होइन, समग्र सुरक्षा व्यवस्थामै दीर्घकालीन चुनौती सिर्जना गर्ने निश्चित देखिन्छ।

# अर्थतन्त्रले खोजेको सम्बोधन

जुन राष्ट्रको राजस्व आत्मनिर्भर छ, आयातनिर्यात सन्तुलित छ, ऋण उत्पादनशील पूर्वाधारमा मात्र परिचालित हुन्छ, त्यो राष्ट्र यस दुश्चक्रबाट सफलतापूर्वक बाहिर निस्कन सक्छ। यो कुनै राजनीतिक नारा होइन, नीतिगत इच्छाशक्ति र वित्तीय अनुशासनको स्पष्ट खाका हो। नेपालमा अब कर प्रणालीको सुधार, औद्योगिक उत्पादनको प्रोत्साहन र निर्यात व्यापारको जोखिम न्यूनीकरण जस्ता ठोस कार्यक्रम ल्याउनु पर्छ।



डा. चूडाप्रसाद ढकाल




कुनै पनि देशको आर्थिक स्वास्थ्य मापन गर्न तीन वटा आधारभूत प्रश्न पर्याप्त हुन्छन्। के त्यो देशले आफूले उत्पादन गरेभन्दा बढी वस्तु आयात गरिरहेको छ ? आफ्नो खर्च धान्न बाह्य स्रोतमा निर्भर रहनु परेको छ कि स्वदेशी राजस्वले नै पुग्छ ? ऋणको ब्याज तिर्न पुनः नयाँ ऋण खोज्नुपर्ने अवस्था छ कि छैन ? यी प्रश्न आपसमा गाँसिएका हुन्छन् । एउटामा देखिएको कमजोरीले अर्कोलाई निम्त्याउँछ। अर्थशास्त्रमा यसलाई प्रतिक्रिया चक्र भनिन्छ । जहाँ एउटा समस्याले अर्कोलाई जन्म दिन्छ र त्यो नयाँ समस्याले पहिलोलाई झन् जटिल बनाउँदै लैजान्छ। नेपालको वर्तमान आर्थिक परिदृश्यमा यो चक्र स्पष्टसँग देखा परेको छ । जसले दीर्घकालीन स्थायित्वलाई चुनौती दिइरहेको छ र राष्ट्रिय अर्थतन्त्रलाई सङ्कटको सन्निकटमा उभ्याएको छ ।

यो अवधारणा बुझ्न एउटा साधारण परिवारको दृष्टान्त उपयुक्त हुन्छ । कुनै परिवारको मासिक आय ५० हजार रुपियाँ छ तर खर्च ७० हजार पुग्छ । २० हजार रुपियाँ ऋण वा उधारोबाट बेहोर्नु पर्छ । सुरुका दिनमा यो प्रबन्ध सरल लाग्न सक्छ । ऋण दिने पक्ष तयार भएसम्म सबै ठिकठाक हुन्छ । जब यो क्रम लम्बिन्छ र परिवारको वित्तीय अनुशासन शिथिल भएको ऋणदाताले महसुस गर्छ, तब उसको व्यवहारमा परिवर्तन आउँछ । निरन्तर घाटा र बढ्दो निर्भरता देखेपछि ऋणदाताले क्रमशः सर्त थप्दै जान्छ । ब्याजदर वृद्धि गर्ने, आयव्ययको कडाइसाथ लेखाजोखा माग्ने वा ऋण भुक्तानीको म्याद छोट्याउने आदि । यो सिलसिला यतिमै सीमित रहँदैन । अन्ततः ऋणदाता परिवारको आर्थिक निर्णय प्रक्रियामै हस्तक्षेप गर्न पुग्छ । तलबको निश्चित अंश सिधै कटौती गर्ने, खर्च सङ्कुचनको निर्देश दिने वा जग्गाजमिन धितो राख्न बाध्य तुल्याउने। यसरी परिवारको आर्थिक स्वतन्त्रता क्रमशः खुम्चिँदै जान्छ र निर्णय गर्ने अधिकार नै हातबाट खोसिन्छ। राष्ट्रिय अर्थतन्त्रमा पनि ठिक यही सिद्धान्त लागु हुन्छ । कुनै देशले निर्यातभन्दा अधिक आयात गरेमा त्यसलाई व्यापार घाटा भनिन्छ। भन्सार विभागको तथ्याङ्क अनुसार नेपालले चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम आठ महिनामा मात्र १० खर्ब ९८ अर्ब रुपियाँ बराबरको व्यापार घाटा बेहोरिसकेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११ प्रतिशतले बढी हो । यो क्रमले वैदेशिक मुद्रा सञ्चितिमा निरन्तर दबाब सिर्जना गरिरहेको छ ।

व्यापार घाटाको प्रमुख जड हाम्रो उत्पादन संरचनाको कमजोरी हो । अधिकांश विकासोन्मुख राष्ट्रहरू कच्चा पदार्थ निर्यात गर्छन् र तयारी वस्तु आयात गर्छन् । मूल्य शृङ्खलाको यो सर्वाधिक दुर्बल कडी हो। उदाहरणका लागि कफी उत्पादन गर्ने मुलुकले काँचो दाना सस्तोमा बेच्छ र ब्रान्डसहितको प्याकेज्ड कफी महँगो मूल्यमा किन्छ । प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणको अतिरिक्त मूल्य विदेशी कम्पनीको पोल्टामा जान्छ।

नेपालको सन्दर्भमा पनि जडीबुटी, चिया र हस्तकलाका सामग्री कच्चा रूपमा निर्यात हुन्छन् तर तयारी औषधी, प्रशोधित खाद्यवस्तु र ब्रान्डेड कपडा आयात गर्नुपर्ने बाध्यता छ। आयातित वस्तु सस्तो र आकर्षक हुँदा स्वदेशी उत्पादनप्रतिको माग स्वाभाविक रूपमा घट्छ र हाम्रा कलकारखाना ओझेलमा पर्छन् । उपभोक्ताको बानीमा आएको यो परिवर्तन एक पुस्ताले स्थापित गर्छ तर त्यसलाई सच्याउन दुई पुस्ता लाग्न सक्छ। व्यापार घाटाका तथ्याङ्क सङ्ख्यात्मक विवरणका साथै अर्थतन्त्रको संरचनागत विसङ्गतिका दर्पण हुन् । हाल नेपालको निर्यात आयातको जम्मा १० प्रतिशतको हाराहारीमा मात्र सीमित छ, जसले व्यापार घाटालाई दीर्घकालीन रोगका रूपमा स्थापित गरेको छ । यो प्रवृत्ति नरोकिए आर्थिक भविष्य अस्पष्ट बन्ने निश्चित छ। व्यापार घाटा पूर्तिका विकल्प सीमित छन्, वैदेशिक लगानी, पर्यटन, विप्रेषण वा ऋण । विप्रेषण नेपालको अर्थतन्त्रको प्रमुख आधार बनेको छ, जसले कुल गार्हस्थ उत्पादनको २७ प्रतिशत हिस्सा ओगट्छ। तथापि यो आधार निकै क्षणभङ्गुर छ किनकि यो उत्पादनमूलक क्षेत्रबाट प्राप्त हुँदैन । यो युवापुस्ताले विदेशी भूमिमा बगाएको पसिनाको प्रतिफल हो। विश्वव्यापी मन्दी आएमा वा आप्रवासी रोजगारीमा सङ्कट उत्पन्न भएमा, जसरी कोभिड महामारीको समयमा भयो; यो स्रोत एकाएक खुम्चिन सक्छ । विप्रेषण आय घटेपछि ऋणतर्फ हात फैलाउनुपर्ने बाध्यता आउँछ र यहीँबाट दोस्रो चुनौतीको सूत्रपात हुन्छ । विप्रेषणमाथिको निर्भरता क्रमशः घटाउँदै आन्तरिक रोजगारी र स्वदेशी उत्पादन प्रवर्धन गर्नु आजको अपरिहार्य आवश्यकता हो । विदेशी ऋण आफैँमा नकारात्मक अभ्यास होइन। चीन र भारत जस्ता राष्ट्रले पूर्वाधार विकासमा ऋणको सदुपयोग गरेर उल्लेखनीय प्रगति हासिल गरेका हुन् । वास्तविक समस्या ऋणको स्वरूप र त्यसको उपयोगमा हुन्छ। मूलतः ऋण दुई किसिमका हुन्छन् । पहिलो, सहुलियतपूर्ण ऋण, जुन विश्व बैङ्क वा एसियाली विकास बैङ्क जस्ता निकायबाट न्यून ब्याजदर र लामो भुक्तानी अवधिका साथ प्राप्त हुन्छ । यसप्रकारको ऋण उत्पादनशील क्षेत्रका लागि लाभदायी मानिन्छ। दोस्रो, व्यावसायिक ऋण, जुन खुला बजारबाट उच्च ब्याजदर र छोटो अवधिका लागि लिइन्छ, यो जोखिमपूर्ण र भारी स्वभावको हुन्छ।

यस किसिमको ऋण सामान्यतया तत्कालीन तरलता अभाव टार्न, प्रशासनिक खर्च धान्न, चालु दायित्व भुक्तानी गर्न वा तलब भत्ता जस्ता अनुत्पादक क्षेत्रमा खर्च गरिन्छ। यसको प्रकृतिले गर्दा यसले दीर्घकालीन आर्थिक वृद्धिमा योगदान गर्नुको सट्टा ऋण सेवाको भार मात्र बढाउँछ । सहुलियत ऋण सडक, जलविद्युत् र सिँचाइ जस्ता पूर्वाधारमा लगाइयो भने दीर्घकालमा आर्थिक वृद्धिको जग बलियो हुन्छ। व्यावसायिक ऋण प्रशासनिक खर्च, तलब भत्ता वा उपभोग्य प्रयोजनमा खर्च गरियो भने त्यसले आर्थिक सङ्कटलाई निमन्त्रणा दिन्छ । नेपालमा सहुलियतपूर्ण ऋणको अनुपात सकारात्मक भए पनि व्यावसायिक बन्ड जस्ता महँगा स्रोततर्फको बाध्यता बढ्दो छ, जसले ऋण सेवाको भारलाई निरन्तर मोटो बनाइरहेको छ । ऋणको प्रकृति र प्रयोगबिचको यो भेदलाई बेवास्ता गर्दा श्रीलङ्का र घाना जस्ता मुलुकले भोगेको नियति हाम्रा लागि पाठ बन्नु पर्छ । श्रीलङ्काले उच्च ब्याजको बन्ड जारी गरेर प्राप्त गरेको ऋणको भार सन् २०२२ मा असह्य भयो र देशले ऋण भुक्तानीमा असमर्थता घोषणा गर्नु पर्‍यो । परिणामस्वरूप इन्धन र आवश्यक औषधीको चरम अभाव भयो, सडकमा आन्दोलन चर्कियो र प्रशासनिक सङ्कट गहिरियो । घानामा चुनावी लोकप्रियताका निम्ति गरिएको भड्किलो खर्च र कर प्रशासनको कमजोरीले ऋणको बोझ असहनीय बनाएको छ । यी दुवै घटनाको साझा निष्कर्ष एउटै छ; गलत प्रकृतिको ऋण गलत ठाउँमा परिचालन गरिए त्यसको अन्तिम मूल्य सर्वसाधारणले चुकाउनु पर्छ । पाकिस्तान र बङ्गलादेशको आर्थिक आकाशमा पनि यस्तै सङ्कटका बादल मडारिइरहेका छन् । नेपालले यी दृष्टान्तबाट समयमै पाठ सिक्नु आवश्यक छ।

विश्व बैङ्कको प्रतिवेदन अनुसार नेपालको बाह्य ऋण सन् २०१३ मा करिब साढे तीन अर्ब अमेरिकी डलर थियो, जुन सन् २०२४ मा आइपुग्दा तीन गुणाले बढेर १०.५ अर्ब डलर पुगेको छ । वर्तमानमा सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४२.६ प्रतिशतनजिक छ। सन् २०२६ को अन्त्यसम्ममा यो अनुपात ४६.८ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । यो आँकडा आफैँमा अति सङ्कटपूर्ण नदेखिए पनि यसको वार्षिक वृद्धिदर सन्तोषजनक छैन। विश्व बैङ्कको प्रतिवेदनले औँल्याए अनुसार नेपालको पुँजीगत खर्च ऋणको साँवा र ब्याज भुक्तानीभन्दा कम छ । अर्थात् ऋणले विकास नभई दैनन्दिन प्रशासनिक खर्च धानिरहेको छ। चालु आर्थिक वर्षमा मात्र ऋण भुक्तानी (साँवा तथा ब्याज) को दायित्व एक खर्ब ५० अर्ब रुपियाँ नाघ्ने देखिन्छ, जुन सरकारी राजस्वको ठूलो हिस्सा खर्चिन बाध्य छ । यस्तो स्थितिले पुँजी निर्माणका लागि छुट्टिनुपर्ने बजेट नै सङ्कुचित हुन जान्छ । ऋणप्रतिको निरन्तरको यो निर्भरताले राष्ट्रिय स्वाधीनतामाथि समेत प्रश्न उठाउँछ। एउटै दाता वा शक्ति राष्ट्रमाथि अत्यधिक परनिर्भरता बढ्दै गएमा आर्थिक सम्बन्ध राजनीतिक दबाबको औजारमा परिणत हुने जोखिम रहन्छ । श्रीलङ्का र घानाको ऋण पुनर्संरचना प्रक्रियामा विभिन्न शक्तिराष्ट्रबिच देखिएको खिचातानी यसको ज्वलन्त उदाहरण हो। नेपालको हकमा पनि दुई छिमेकी राष्ट्रबाट लिइएको ऋणको असन्तुलन कूटनीतिक रूपमा संवेदनशील बन्दै गएको छ । आर्थिक बन्धन जति कसिलो बन्दै जान्छ, नीतिगत स्वतन्त्रता त्यति नै सङ्कुचित हुँदै जाने खतरा बढ्छ। यी सबै जटिलताबिच ब्याज भुक्तानी ऋणको एउटा मूल चुनौतीका रूपमा उभिएको छ। एक ग्रामीण किसानले वार्षिक १२ प्रतिशत ब्याजदरमा एक लाख रुपियाँ ऋण लिएको छ भने बाली लगाउनुअघि नै उसले १२ हजार रुपियाँको स्रोत जुटाउनुपर्ने हुन्छ । बाली असफल भएमा त्यो रकम तिर्न पुनः अर्को ऋण खोज्नु पर्छ र ऋणको चक्रव्यूह झन् गहिरिँदै जान्छ। राष्ट्रका हकमा पनि ठिक यही अवस्था लागु हुन्छ । राजस्वको उल्लेख्य हिस्सा ब्याज तिर्नमै खर्चिएपछि शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार जस्ता महषवपूर्ण क्षेत्रका योजना बजेट अभावमा अधुरा रहन्छन् । जब राजस्वको ठूलो भाग ब्याजमा केन्द्रित हुन्छ, तब विकास बजेट स्वतः कटौतीको सिकार हुन्छ। व्यापार घाटा कायमै रहन्छ र नयाँ ऋणको माग उत्पन्न हुन्छ। यस चक्रबाट बाहिरिने एक मात्र उपाय उत्पादन संरचनाको आधारभूत रूपान्तरण हो । आयातलाई निरुत्साहित गर्दै स्वदेशी उत्पादनका माध्यमबाट आयात प्रतिस्थापन गर्ने र कच्चा पदार्थमा मूल्य अभिवृद्धि गरी निर्यात प्रवर्धन गर्ने रणनीति अवलम्बन गर्नै पर्छ। भियतनामले धान निर्यात गर्ने परम्पराबाट माथि उठ्दै प्रशोधित खाद्यान्नको निर्यातकर्ताका रूपमा विश्व बजारमा स्थान बनाएको छ । नेपालसँग जडीबुटीबाट आयुर्वेदिक औषधी, चियाबाट गुणस्तरीय ब्रान्डेड प्याकेट र जलविद्युत्बाट स्वच्छ ऊर्जा निर्यात गर्ने अपार सम्भावना छ। सहुलियत ऋणलाई यी उत्पादनशील क्षेत्रमा मात्र केन्द्रित गर्ने र व्यावसायिक ऋणको प्रलोभनबाट अधिकतम टाढा रहने नीति अपनाउनु पर्छ। ऋणको प्रत्येक रकमसँग जवाफदेहिता अनिवार्यतः जोडिनु पर्छ। आफूले तिरेको करको उपयोग सरकारले कसरी गरिरहेको छ भन्ने प्रश्न सोध्ने अधिकार नागरिकमा निहित छ। अझै पनि नीति निर्माणको तहमा ऋणप्रतिको गाम्भीर्यमा कमी देखिन्छ।

जुन राष्ट्रको राजस्व आत्मनिर्भर छ, आयातनिर्यात सन्तुलित छ, ऋण उत्पादनशील पूर्वाधारमा मात्र परिचालित हुन्छ, त्यो राष्ट्र यस दुश्चक्रबाट सफलतापूर्वक बाहिर निस्कन सक्छ। यो कुनै राजनीतिक नारा होइन, नीतिगत इच्छाशक्ति र वित्तीय अनुशासनको स्पष्ट खाका हो । नेपालमा अब कर प्रणालीको सुधार, औद्योगिक उत्पादनको प्रोत्साहन र निर्यात व्यापारको जोखिम न्यूनीकरण जस्ता ठोस

बाँकी तेस्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## दक्षिण सुडानमा ७८ लाख मानिस खाद्य असुरक्षाको सामना गर्दै : अन्तर्राष्ट्रिय संघ सस्था

***न्युयोर्क, वैशाख १६ गते।*** दक्षिण सुडानमा बढ्दो भोकमरी सङ्कटका कारण सन् २०२६ अप्रिलदेखि जुलाईसम्म ७८ लाख मानिसलाई चरम खाद्य असुरक्षाको अवस्थामा धकेल्ने चेतावनी अन्तर्राष्ट्रिय संस्थाले दिएका छन्।




संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ), विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) र संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले आफ्नो पछिल्लो एकीकृत खाद्य सुरक्षा वर्गीकरण (आइपिसी) रिपोर्ट सार्वजनिक गर्दै यस्तो बताएका हुन्। रिपोर्टमा उल्लेखित तथ्याङ्कले दक्षिणी सुडानको कुल जनसङ्ख्याको ५६ प्रतिशत मानिस हाल तीव्र खाद्य असुरक्षाको सामना गर्न बाध्य भएको जनाएको छ।

प्रतिवेदन अनुसार ७३ हजार ३०० मानिसले दुःखद एंव "विनाशकारी" भोकमरी सङ्कटको सामना गरिरहेका छन्। यस अघि २५ लाख मानिस भोकमरीको आपतकालीन चरणको सामना गर्दै बाँचिरहेको बताइएको थियो भने ५३ लाख मानिसहरू सङ्कटको चरणमा बाँचिरहेका छन्। संयुक्त राष्ट्र सङ्घका एजेन्सीले बढ्दो द्वन्द्व, सामूहिक विस्थापन, आर्थिक गिरावट, जलवायु परिवर्तन कृषि उत्पादनमा कमीको कारण यो सङ्कट बढेको बताएका छन्।

आइपिसी रिपोर्ट संयुक्त राष्ट्रका एजेन्सी, क्षेत्रीय साझेदार र सहायता संस्थाको समन्वयमा गरिने विश्वव्यापी पहल हो यसले खाद्य असुरक्षालाई विभिन्न पाँच चरणमा वर्गीकृत गरी अध्यन अनुसन्धान गर्दछ।

## अस्ट्रेलियामा विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु : ११ जना घाइते

***क्यानबेरा (अस्ट्रेलिया) वैशाख १६ गते।*** दक्षिण अस्ट्रेलियाको एडिलेडको पाराफिल्ड एयरपोर्टमा अवतरण गर्ने क्रममा विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको स्थानीय मिडियाले जनाएका छन्। दुर्घटनामा परेर एक जना पाइलट र एक जना यात्रुको मृत्यु भएको बताइएको छ।



दुर्घटनामा घाइते भएका अन्य ११ जनालाई उपचारका लागि अस्पतालमा लगिएको स्थानीय मिडियाले जनाएका छन्। आपतकालीन सेवाले घटनापछि उद्धार र राहतको लागि नजिकैको क्षेत्र खाली गरिएको प्रहरीले विज्ञप्तिमार्फत जनाएको छ। प्रहरीका अनुसार एक जना घाइतेलाई गम्भिर चोट लागेको थियो भने अन्यलाई सामान्य चोट पटक लागेको थियो।

"उडानको केही समयपछि नै विमान विमानस्थल स्रोतसँग सम्पर्क विहिन भई दुखद दुर्घटनाग्रस्त भएको विमानस्थलका प्रमुख निरीक्षक एन्ड्र्यू म्याक्र्याकेनलाई उद्दृत गर्दै एबिसी न्युजले जनाएको छ। दुर्घटना पछि बाक्लो कालो धुवाँ नजिकैको क्षेत्रमा फैलिएकाले अग्नि नियन्त्रक सेवाले प्रवावित क्षेत्रका मानिसलाई घरभित्रै बस्न सल्लाह दिएको छ। अस्ट्रेलियाली यातायात सुरक्षा ब्युरोले दुर्घटनाको अनुसन्धान सुरु गरिसकेको जनाएको छ।

## बारामा...

घरमा शरण लिन बाध्य भएका छन्। सोही वडाका अर्का स्थानीय जगजिवन रामले पनि आफूहरूको अवस्था झन् दयनीय बनेको बताए। वर्षा र असहज मौसमका कारण बालबालिका, वृद्धवृद्धा र पशुचौपायासमेत प्रभावित बनेका छन्।

यसैबीच पूर्वाधार विकास कार्यालय बारा प्रमुख राजेन्द्र साह सरुवा भइसके पनि रमाना नलिई सोही कार्यालयमा कार्यरत रहेको विषय थप विवादको केन्द्र बनेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनलाई तीन दिनभित्र रमाना लिएर सरुवा भएको कार्यालयमा हाजिर हुन स्पष्ट निर्देशन दिएको छ।

अख्तियारले सम्बन्धित मन्त्रालयलाई समेत सरुवा कार्यान्वयन गर्न पत्राचार गरिसकेको भए पनि हालसम्म निर्णय कार्यान्वयन नभएको बताइएको छ। सरुवा रोक्न राजनीतिक र प्रशासनिक पहुँच प्रयोग भएको आरोपसमेत उठेको छ।

साहमाथि विगतमा पनि विभिन्न अनियमितता र भ्रष्टाचारका आरोपहरू लाग्दै आएका छन्। टुक्रे योजनामा विनाटेण्डर खर्च, उपभोक्ता समितिमार्फत ठूलो रकम दुरुपयोग, तथा बैंक खाता सञ्चालनमार्फत करोडौं रकम निकासा गरिएको विषयमा छानबिन जारी रहेको बताइन्छ।

सरुवा विवाद, अख्तियारको निर्देशनको बेवास्ता र आवास कार्यक्रमको अलपत्र अवस्थाबीच प्रशासनिक प्रणालीमाथि गम्भीर प्रश्न उठेको छ। एकातर्फ कागजमा योजना कार्यान्वयनको दाबी, अर्कोतर्फ वर्षातमा कष्टकर जीवन बिताइरहेका विपन्न परिवारहरूको अवस्था देखदा सुशासन र कार्यान्वयनबीच ठूलो दूरी देखिएको छ।

यसैबीच लगातारको वर्षा, हावाहुरी र असिनाका कारण त्रिपालसमेत टिक्न नसक्दा सयौं परिवार बिचल्लीमा परेका छन्। स्थानीयका अनुसार घर बन्ने आशमा बसेका परिवारहरू अहिले अस्थायी बासस्थान र छिमेकीको सहारामा दिन काट्न बाध्य छन्।

प्रसाद दास भन्छन्, "सरकारमाथि भरोसा थियो, तर अहिले घर पनि छैन, त्रिपाल पनि छैन। सबैजना बेहाल अवस्थामा छौं।" यही अवस्था पिपरविर्ता मात्र नभई आसपासका धेरै बस्तीमा देखिएको छ।

यसरी एकातर्फ प्रशासनिक अनियमितता र सरुवा विवादले राज्य संयन्त्रमाथि प्रश्न उठाइरहँदा अर्कोतर्फ विपन्न नागरिकहरू वर्षाको झरीमा जीवन बचाउने संघर्षमा छन्।

## अर्थतन्त्र ...

कार्यक्रम अघि बढाउनु पर्छ। दक्षिण कोरिया र सिङ्गापुरले यही आर्थिक अनुशासनको जगमा आफूलाई विकसित राष्ट्रको पङ्क्तिमा उभ्याएका हुन्। नेपालका उच्चस्तरीय आर्थिक सुधार आयोगहरूले सुशासनको प्रत्याभूति, निजी क्षेत्रको सक्रिय सहभागिता र पुँजीगत खर्चमा वृद्धिको सिफारिस गरिसकेका सन्दर्भमा जिम्मेवार प्रकाशनहरूले यस विषयको बहसलाई थप सशक्त बनाउनुपर्ने आवश्यकता छ। हामी सबै पक्ष एकजुट भएर लाग्नु पर्छ, अन्यथा यो आर्थिक त्रिकोणात्मक चुनौतीले राष्ट्रको भविष्यलाई नै अन्धकारतर्फ धकेल्ने छ।

## बोर्डिङ ...

ट्युसनमा निर्भरता बढेको छ। यसले गुणस्तरीय शिक्षाको पहुँच सीमित बनाउँदै निजी विद्यालय प्रतिको विश्वासमा प्रश्न उठाएको छ।

अब आवश्यक छ ; स्पष्ट शुल्क मापदण्ड, अनिवार्य पारदर्शिता र प्रभावकारी अनुगमन। शुल्क निर्धारणमा नियामक निकाय, विद्यालय सञ्चालक र अभिभावकबीच नियमित संवाद हुनुपर्छ। सरकारी नीति सबै विद्यालयमा समान रूपमा लागू गर्दै छात्रवृत्ति प्रणालीलाई पूर्ण पारदर्शी बनाउनुपर्छ।

सरकारले खोजेको शैक्षिक सुधारको प्रयास स्वागत योग्य छ। शिक्षा क्षेत्रलाई सेवामुखी बनाउने हो भने शुल्क मनोमानी अन्त्य गर्दै कडा नियमन र प्रभावकारी कार्यान्वयन अनिवार्य छ। अन्यथा, शिक्षा अझै पनि अभिभावकका लागि आवश्यक सेवा होइन, आर्थिक बोझ बनेर रहनेछ।

## सिमरा ...

विस्तारको काम प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन। केही क्षेत्रमा कम्पाउन्ड वाल निर्माण सुरु गरिएको भए पनि पूर्ण रूपमा सम्पन्न हुन सकेको छैन। विशेषगरी उपमहानगरपालिका-१५ डुमरवाना अन्तर्गत पर्ने ब्लक 'डी' र 'ई' मा कुनै ठोस प्रगति हुन सकेको छैन। आर्थिक वर्ष २०८१/८२ मा कम्पाउन्ड वाल निर्माणका लागि ठेक्का लागे पनि स्थानीयको विरोधका कारण काम रोकिएको छ। ती क्षेत्रमा ठूलो बस्ती रहेकाले पटक-पटक प्रयास गर्दा पनि बासिन्दा हटाउन नसकिएको सेजले जनाएको छ।

सेज विस्तारका लागि अतिक्रमण हटाउने सरकारी प्रयास र स्थानीयको बसोबास अधिकारबीच देखिएको टकरावले परियोजना कार्यान्वयनमा चुनौती थपिएको छ। अब समस्या समाधानका लागि पुनर्वास, संवाद र सहमतिको बाटो खोज्नु अपरिहार्य देखिएको छ।

## वन अतिक्रमण ...

बस्तीमा वातावरणीय प्रदूषण बढाउनुका साथै मानव स्वास्थ्यमा समेत नकारात्मक असर पारेको चेतावनी दिइएको छ।

डिभिजन वन कार्यालयले उक्त कार्य वन ऐन २०७६, वन नियमावली २०७९ तथा वातावरण संरक्षणसम्बन्धी कानुनविपरीत भएको ठहर गर्दै तत्काल रोक्न निर्देशन दिएको हो। साथै, यसअघि पनि सचेत गराइँदा बेवास्ता गरिएको भन्दै दोस्रो पटक कडाइका साथ निर्देशन जारी गरिएको जनाएको छ।

निर्देशनको अवज्ञा गरे प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी दिँदै वन कार्यालयले इलाका प्रहरी कार्यालय निजगढ र सम्बन्धित निकायसँग समन्वय गरेर निगरानी बढाइएको जनाएको छ।

वन क्षेत्र संरक्षण र वातावरणीय सन्तुलन जोगाउन स्थानीय तहको जिम्मेवारी कमजोर देखिएको भन्दै अब कार्यान्वयनमै कडाइ आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ।

## यातायात...

ट्रायल नदिई वा मापदण्ड नपुगी पास गराइने आशंका समेत उठेको छ।

यातायात कार्यालयप्रति बढ्दो अविश्वासका बीच सम्बन्धित नियामक निकायको मौनता पनि प्रश्नको घेरामा परेको छ। सुशासन र पारदर्शिताको प्रतिबद्धता जनाउँदै आएको सरकारकै अवधिमा यस्तो बेथिति दोहोरिनु चिन्ताजनक भएको स्थानीयहरूको भनाइ छ।

अब आवश्यक छ–ट्रायल नतिजा तुरुन्त सार्वजनिक गर्ने अनिवार्य व्यवस्था, डिजिटल प्रणालीको पूर्ण कार्यान्वयन, बिचौलिया नियन्त्रण र कडा अनुगमन। अन्यथा, लाइसेन्स वितरण प्रणाली नै भ्रष्टाचारको अड्डामा परिणत हुने जोखिम बढ्दै जाने देखिन्छ। नतिजा सार्बजनि नभए के भईहाल्छ प्रतिक्रिया दिए।

## कमला पुल ...

वि.सं. २०६८ मा करिब १४ करोड ९१ लाख रुपैयाँमा सम्झौता गरिएको यो परियोजनाको लागत अहिले २० करोडभन्दा बढी पुगेको छ। सात पटकसम्म म्याद थप भए पनि अझै स्थायी समाधान नआउँदा विकास निर्माणमा गम्भीर कमजोरी देखिएको स्थानीयको गुनासो छ।

यसरी बारम्बारको डाइभर्सन भत्किने समस्या, अधुरो पुल र वर्षायामको जोखिमले स्थानीयको दैनिक जीवन, व्यापार र यातायातमा गम्भीर असर पारेको छ। विकासको प्रतीक मानिएको संरचना नै निरन्तर असफल हुँदा दीर्घकालीन समाधानको आवश्यकता झन् स्पष्ट बनेको छ।

## बाख्रा ...

सञ्चालक नसिमले भने बाखाको मासु बिक्री गरेको आरोप अस्वीकार गर्दै आफूहरूले खसीकै मासु बिक्री गरेको दाबी गरेका छन्।

उपभोक्ता हित संरक्षण मञ्च नेपाल, पर्साले घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै मासुको मूल्य निर्धारण प्रक्रिया र बजार अनुगमनबारे प्रश्न उठाएको छ। मञ्चले तत्काल छानबिन गरी दोषी पाइए कडा कारबाही गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश।


तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।



महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश।


तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।



निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश।


तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।



जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश।


तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।



कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

# पहुँचका भरमा चलाइएका ६२२ सरकारी गाडी फिर्ता, सरकारको कडाइ

*१६ वैशाख, काठमाडौं –*
सरकारले आयातित वस्तुमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गरेपछि देशभरका भन्सार नाकामा जाँचपास प्रक्रिया ठप्प बनेको छ। नियम कार्यान्वयन सुरु भएसँगै करिब एक हजारभन्दा बढी कन्टेनर भन्सार बिन्दुमै रोकिएको जनाइएको छ।




सरकारले १५ वैशाखदेखि स्वदेशी तथा आयातित दुवै प्रकारका तयारी वस्तुमा एमआरपी लेबल अनिवार्य गर्ने निर्णय लागू गरेपछि मापदण्ड नपुगेका सामानको जाँचपास रोकिएको हो। वाणिज्य विभागको सूचनाअनुसार एमआरपी उल्लेख नभएका वस्तु अब भन्सारबाट पास नहुने व्यवस्था गरिएको छ।

वीरगञ्ज, भैरहवा, विराटनगर, रसुवागढी, नेपालगञ्ज र काँकडभिट्टा लगायत प्रमुख नाकाहरूमा ठूलो परिमाणमा मालवाहक कन्टेनर थन्किएका छन्। वीरगञ्जमा मात्र करिब ६ सय हाराहारी कन्टेनर रोकिएको जनाइएको छ भने अन्य नाकामा २० देखि १ सयसम्म कन्टेनर अड्किएका छन्।

सरकारले उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार एमआरपी, उत्पादन मिति, तौल, ब्याच नम्बर, प्रयोग अवधि र आवश्यक चेतनामूलक जानकारी लेबलमा अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो। यसको उद्देश्य बजारमा मूल्य मनपरी रोक्ने र उपभोक्तालाई ठगीबाट जोगाउने रहेको बताइएको छ।

तर व्यवसायीहरूले पूर्वतयारी र स्पष्ट कार्यविधिविनै नियम लागू गरिएको भन्दै आपत्ति जनाएका छन्। उनीहरूका अनुसार विदेशी उत्पादकले नेपालजस्तो सानो बजारका लागि छुट्टै एमआरपीसहितको प्याकेजिङ नगर्ने हुँदा भन्सारमै लेबलिङ गर्नु व्यावहारिक रूपमा असम्भवजस्तै छ।

व्यवसायीले भन्सार बिन्दुमा कन्टेनर खोलेर प्रत्येक सामानमा एमआरपी टाँस्नुपर्ने व्यवस्था प्राविधिक रूपमा जटिल र खर्चिलो हुने बताएका छन्। साथै, ढुवानी खर्च, विनिमय दर र करका कारण भन्सारमै अन्तिम मूल्य निर्धारण गर्न कठिन हुने तर्क उनीहरूको छ।

उद्योग वाणिज्य संघ र आयातकर्ताहरूले गोदाममा ल्याएपछि लेबलिङ गर्न दिनुपर्ने, वस्तुको वर्गीकरण गरेर मात्र एमआरपी लागू गर्नुपर्ने र कार्यान्वयनलाई चरणबद्ध बनाउनुपर्ने माग राखेका छन्।

यता वाणिज्य विभाग भने निर्णयबाट पछि नहट्ने अडानमा छ। विभागका अनुसार कानुन कार्यान्वयन अब अनिवार्य छ र सबै आयातकर्ताले यसको पालना गर्नैपर्छ। एमआरपीविना सामान बजारमा पठाउन नदिने स्पष्ट सन्देश दिइएको छ।

नीतिगत रूपमा उपभोक्ता संरक्षणका लागि सकारात्मक मानिए पनि कार्यान्वयनको शैली र तयारी अभावले भन्सार प्रणालीमै अवरोध सिर्जना गरेको छ। अब समाधानका लागि सरकार र निजी क्षेत्रबीच समन्वय, स्पष्ट कार्यविधि र व्यवहारिक सुधार आवश्यक देखिएको छ।

# बस्ती व्यवस्थापनमा सरकारको प्रतिबद्धताः "कसैलाई घरबारविहीन बनाइँदैन" – रवि लामिछाने

*१६ वैशाख, काठमाडौं –*
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले जोखिमयुक्त तथा अव्यवस्थित बस्ती हटाउने क्रममा नागरिकलाई घरबारविहीन बनाउने अवस्था आउन नदिने बताएका छन्। उनले यस्तो अवस्थाको जिम्मेवारी सरकारले नै लिने स्पष्ट पारेका छन्।



सिंहदरबारमा बसेको रास्वपा संसदीय दलको अनौपचारिक बैठकमा बोल्दै उनले बस्ती व्यवस्थापनलाई मानवीय दृष्टिकोणबाट अघि बढाउनुपर्ने आवश्यकता औँल्याए। उनका अनुसार बस्ती हटाउने निर्णयसँगै वैकल्पिक बसोबास, आधारभूत सेवा र पुनर्वासको सुनिश्चितता अनिवार्य गरिनुपर्छ।

लामिछानेले देशभर फैलिएको अव्यवस्थित बसोबासको समस्या दीर्घकालीन रूपमा समाधान गर्न विशेष आयोग गठन गर्ने तयारी भइरहेको जानकारी दिए। उक्त आयोगले जोखिमयुक्त क्षेत्र पहिचान, पुनर्वास योजना र कार्यान्वयनको समन्वय गर्नेछ। उनले विगतमा जस्तो जबर्जस्ती बस्ती हटाउने प्रवृत्ति दोहोरिन नदिने बताउँदै प्रभावित समुदायसँग संवाद, सहमति र योजनाबद्ध व्यवस्थापन आवश्यक रहेको उल्लेख गरे।

हाल विभिन्न स्थानमा सरकारी जग्गा, नदी किनार र जोखिमयुक्त भूभागमा बसोबास गर्ने नागरिकको संख्या बढ्दै गएकाले समस्या जटिल बन्दै गएको छ। यस्तो अवस्थामा स्पष्ट नीति, पर्याप्त स्रोत र प्रभावकारी कार्यान्वयनमार्फत मात्रै दिगो समाधान सम्भव हुने उनले बताए।

# बाख्राको मासुलाई खसीको भनेर बिक्री गरेकोमा मुर्ली चोकमा तनाव, छानबिनको माग

*संवाहक सम्वादाता-१६ वैशाख, कलैया*
वीरगञ्जको मुर्ली चोकस्थित 'दिलसाद फ्रेस हाउस'ले खसीको मासुको मूल्य लिएर बाख्राको मासु बिक्री गरेको आरोप लागेपछि स्थानीय क्षेत्रमा तनाव सिर्जना भएको छ। घटनापछि स्थानीय युवाहरू आक्रोशित बनेका छन् भने उपभोक्ता अधिकार र खाद्य गुणस्तरबारे प्रश्न उठेको छ।




सोमबार एक पूर्व जनप्रतिनिधिका जन्मदिनका लागि उक्त पसलबाट ६ किलो मासु खरिद गरी भोजको तयारी गरिएको थियो। तर पकाउने क्रममा मासु राम्रोसँग नपाक्ने र शंकास्पद देखिएपछि जाँच गर्दा बाख्राको मासु भएको आशंका गरिएको हो। त्यसपछि सहभागी युवाहरूले विरोध जनाउँदै रकम फिर्ताको माग गरेका छन्।

स्थानीयका अनुसार पसलले खसीको मासु प्रतिकिलो १ हजार रुपैयाँ पर्ने भए पनि १ हजार २०० रुपैयाँसम्म असुल्ने गरेको पाइएको छ। यसले बजारमा मूल्य अनियमितता र उपभोक्ता ठगीको सम्भावना बढाएको स्थानीयको भनाइ छ।

यसैबीच, 'दिलसाद फ्रेस हाउस'का

बाँकी तेस्रो पृष्ठमा

# कमला पुल क्षेत्रमा पुनः आवागमन अवरुद्ध : अस्थायी डाइभर्सन भत्किँदा जनजीवन प्रभावित

*१६ वैशाख, धनुषा –*
धनुषा र सिरहा जोड्ने हुलाकी राजमार्ग अन्तर्गत कमला नदीमा बनाइएको अस्थायी डाइभर्सन वर्षाका कारण भत्किएपछि आवागमन पुनः अवरुद्ध भएको छ। लगातारको वर्षापछि नदीमा पानीको सतह बढ्दा डाइभर्सन दबाब सहन नसकी बीचैबाट भत्किएको हो।



स्थानीयका अनुसार करिब ३०० मिटर लामो अस्थायी बाँधमा पानी करिब तीन फिटसम्म माथि पुगेपछि संरचना कमजोर बनेको थियो। दबाब बढ्दै जाँदा डाइभर्सन भत्किएपछि दुवैतर्फका सयौं सवारी साधन बीच बाटोमै रोकिएका थिए। पछि प्रशासनको पहलमा केही सवारी साधन उद्धार गरिएको भए पनि आवागमन पूर्ण रूपमा ठप्प भएको छ।

कमला नगरपालिका-५ का वडाध्यक्ष शिवा पासवानका अनुसार हाल पानीको सतह केही घटे पनि जोखिम कायमै छ। मंगलबारदेखि पैदल यात्रुहरूले मात्र सामान्य जोखिम मोलेर आवागमन गरिरहेका छन् भने सवारी साधन सञ्चालन हुन सकेको छैन।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले जेसीबी प्रयोग गरी माटो थप्ने र अस्थायी मर्मतको प्रयास भइरहेको बताए। पानीको बहाव घटेपछि मात्र पूर्ण रूपमा बाटो सञ्चालनमा ल्याउने तयारी भइरहेको उनको भनाइ छ।

कमला पुल समस्या नयाँ भने होइन। निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि संरचना पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन। पुल निर्माण सम्पन्न भएको भनिए पनि उद्घाटनको केही दिनमै बाढीका कारण संरचना क्षतिग्रस्त भएपछि वर्षौंदेखि आवागमन समस्या झन् जटिल बन्दै आएको हो।

स्थानीयवासीका अनुसार एक दशकभन्दा बढी समयदेखि जोखिमपूर्ण वैकल्पिक मार्ग, चचरी पुल र अस्थायी डाइभर्सनमै यात्रा गर्न बाध्य छन्। केही समयअघि मात्र अस्थायी समाधानका रूपमा डाइभर्सन निर्माण गरिएको थियो, तर त्यसले पनि टिकाउ समाधान दिन सकेन।

हुलाकी राजमार्ग आयोजनाले डिजाइनमै कमजोरी रहेको स्वीकार गर्दै पुनः डिजाइनअनुसार निर्माण अघि बढाइरहेको जनाएको छ। तर पटक-पटक म्याद थपिँदा पनि काम पूरा नहुँदा स्थानीयको विश्वास घट्दै गएको छ।

बाँकी तेस्रो पृष्ठमा

# डाबर नेपाल नजिकै भीषण दुर्घटना : श्रीमानको ज्यान गयो, श्रीमती गम्भीर


*संवाहक सम्वादाता-१६ वैशाख, कलैया*
पथलैया-वीरगञ्ज सडकखण्ड अन्तर्गत डाबर नेपाल अगाडि भएको सवारी दुर्घटनाले एक परिवारमा शोक छाएको छ। मोटरसाइकल अनियन्त्रित भई रेलिङमा ठोक्किँदा चालकको मृत्यु भएको छ भने उनकी श्रीमती गम्भीर घाइते भएकी छन्।



मृत्यु हुनेमा पर्साको पोखरिया नगरपालिका-३ बसन्तपुर निवासी ४० वर्षीय राम चमार रहेका छन्। उनी सवार ना २७ प ३०२१ नम्बरको मोटरसाइकल वीरगञ्जबाट नारायणघाटतर्फ जाँदै गर्दा दुर्घटनामा परेको प्रहरीले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएका राम चमार र उनकी ३५ वर्षीया पत्नी जानकी देवीलाई तत्काल उद्धार गरी वीरगञ्जस्थित गण्डक अस्पताल पुऱ्याइएको थियो। उपचारकै क्रममा राम चमारको मृत्यु भएको हो भने जानकी देवीको अवस्था गम्भीर रहेको र उपचार जारी रहेको जनाइएको छ।

घटनाको कारणबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ।


## तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।



फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।



परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।



कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।